# बाबु बाकसानन्द !

**हेमराज पहारी**

‘घर सम्भी रोएको होला डाँडा काटी गएको नेपाली ...’ । हो, यही हो मैले पहिलो पटक सुनेको गैर-जैविक वस्तुले बोलेको बोली । यो मौलिक बोली भने त्यो गैर-जैविक वस्तुको थिएन । त्यो त जनकवि केशरी धर्मराज थापाको थियो । उहाँको त्यो कर्णप्रिय स्वरलाई त्यो गैर-जैविक वस्तुले टपक्कै टिपेर रिट्ठो नबिराई जस्ताको तस्तै गाएको थियो । एउटा जाबो गैर-जैविक वस्तुमा यसरी मानवीय प्राणीको बोली नक्कल गर्ने सक्ने अकल्पनीय क्षमता देखेर म आफ्नो बाल्यकालमा अति चकित भएको थिएँ । त्यो गैर-जैविक वस्तु थियो ग्रामोफोनको ‘रीकट’ । कालोकालो कोदाको रोटी जस्तो चक्का फनफन्ती घुम्दै गीत गाउँथ्यो र सबैलाई चकित पार्थ्यो । लाग्थ्यो- त्यो एकसुरले नाचिरहेको छ, मादल ठोकिरहेको छ र गीत गाइरहेको छ । त्यसको करामत देखेर श्रोताहरू मोहित हुन्थे, दङ्ग पर्थे ।

एउटा मान्छेको बोली अर्को मान्छेले नक्कल गर्न सक्छ । मुसा, बिराला र खोलाको आवाजलाई पनि मानिसले नक्कल गर्न सक्छ– चिँ ! चिँ !! म्याँउ !

म्याँऊ !! र कल-कल !! गरेर । त्यसरी नै मानिसको आवाजलाई पनि सुगाले नक्कल गर्न सक्छ । तर तालिम दिइएको सुगाले नक्कल गरेको आवाजलाई जे अर्थ लगाइदिए पनि हुन्छ । 'गोपी कृष्णको पट्टु' लाई 'टोपी खस्नु हो कट्टु' भनेर अर्थ्याउन पनि सकिन्छ तर त्यो कालो कोदाको रोटीजस्तो चक्काले त धर्मराज थापाले जे गाएका त्यही गाएको थियो । अझ गीतमात्रै नटिपेर त्यसले बाजागाजाको सङ्गीत पनि टिप्यो । के कुनै नामुद गायकहरूमा पनि यसरी बाजाको सङ्गीत हुबहु टिप्न सक्ने क्षमता हुन्छ त ? कदापि हुँदैन । तसर्थ त्यो चक्का एउटा सम्मोहनकारी जादूगर थियो, पि. सरकारभन्दा पनि ठूलो जादूगर ।

यसरी ग्रामोफोनसँग छसात वर्षको उमेरमा नै साक्षात्कार भयो मेरो, अन्दाजी २००९ सालतिर । पोखराको बैदाममा कोजाग्रत पूर्णिमाको जात्रामा त्यो अवसर जुऱ्यो मलाई । त्यसभन्दा अगाडि मानिसको बोली मानिसले मात्रै टिप्न सक्छ, अरू चीजले सक्तैन भन्ने अवधारणा ममा व्याप्त थियो । मलाई अब यो निश्चित भयो कि मानिस र कालो चक्काले बाहेक अरूले मानिसको बोली टिप्न र गीत छोप्न सक्तैन । मेरो यस्तो अवधारणाको घर त्यस बेला गर्ल्यामगुर्लुम भएर ढल्यो जुन बेला मैले चक्का बिनाको काठको बाकसले पनि बोलेको, गाएको सुनेँ । त्यो बाकस थियो एउटा ठूलो पेटारो जत्रो । पेटाराको तल नाभिस्थल खुल्ला थियो । त्यो बाकसका स्वामी हुनुहुन्थ्यो पोखरा, महेन्द्रपुल निवासी कपडा व्यापारी । बाकसलाई उहाँको दोकानको मध्यभागमा सजाएर राखिएको थियो । त्यो बाकस धार्मिक प्रवचन दिन आएको गुरुझैं सबै श्रोताहरूको केन्द्रविन्दु भएर आफ्नो बडेमानको भुँडी पल्टाएर बसेको थियो । त्यसको पेटमा एउटामात्र होइन, चारपाँचओटा नाइटा हुँदाहुन् । कुनै एउटा नाइटाको लोतीलाई कानको लोतीझैं निमोठी दिएपछि कहिले त्यो ख्यार ! ख्यार !! गर्थ्यो भने कहिले गडचाङगुडुङ ! गर्थ्यो । गडचाङगुडुङ, टयार्र, टीर्र र ख्वाललको आवाजपछि बल्ल सुरु हुन्थ्यो बाकसानन्दज्यूको चीर प्रतिक्षित प्रवचन, प्रहसन र गीत गायन । हो, त्यो बाकसले त्यस बेला बाकसानन्दको हैसियत, शान र मान अँगालेको थियो । त्यसले सबैलाई एकैछिनको लागि भए पनि दुःख दर्द बिर्साएर आनन्द दिन्थ्यो र हर्षले विभोर पार्थ्यो । त्यसकारण मैले त्यो आनन्दकारी बाकसलाई बाकसानन्द भनेको हुँ । यसमा कुनै अन्य अर्थ नलागोस् ।

ती बाकसानन्दलाई राणाकालमा राणाबाहेक अरू कसैले आफ्ना घरमा राख्न पाउँदैनथ्यो । एक त ती महङ्गा गुरु सर्वसाधारणको घरमा पाउकष्ट गरी आउँदैनथे । जुन धनाढ्यले गुरुलाई राख्न सक्थ्यो, उसले पनि कसैले थाहा नपाउने गरी भँडारभित्र लुकाएर राख्नु पर्थ्यो । हो, राणाकालमा बाकसानन्दज्यू

भूमिगत हुनुहुन्थ्यो । उहाँको प्रवचन सुन्न मानिसहरू सास दबाएर कोठाभित्र छिर्थे । विश्वसनीय र आफन्तलाई मात्रै प्रवचनमा प्रवेश दिइन्थ्यो । प्रवचन अवधिभरि झ्याल ढोका थुनेर आवाजलाई बाहिर निस्कन दिइन्नथ्यो । कुनै सुराकीले पोल खोलिदिएमा त्यो बाकसै राणाहरूद्वारा जफत हुन्थ्यो र बाकसपति सजायको भागिदार हुन्थ्यो । अतः बाकसानन्दज्यूलाई एउटा भूमिगत नेतालाई झैँ लुकाएर राखिन्थ्यो । त्यो बोल्ने बाकसको यस्तो इतिहास सुनेपछि मलाई पनि राणाहरूप्रति घृणा जाग्यो– "ओ ! हो ! राणा शासन त कस्तो क्रूर रहेछ ! रेडियो सुन्न पनि नदिने ? रेडियो पनि सुन्न नदिने सरकारले जनतालाई अरू के पो दियो होला र ?" राणाहरूको ज्यादति बुझ्न रेडियो प्रतिबन्ध भएको यही एउटा प्रसङ्ग नै काफी थियो ।

तत्कालीन प्रजातन्त्रपछि स्पष्ट देखिएका परिवर्तनहरूमध्ये निर्बाधपूर्वक रेडियो सुन्न पाउनु पनि एक थियो । यसबाट मानिसहरू खुशीले गद्गद् थिए । उनीहरूको खुशीको प्रवाहमा म ढिलै भएपनि समाहित भएँ । मलाई फेरि लाग्यो– "प्रजातान्त्रिक व्यवस्थामा सक्नेले रेडियो राख्न पाउने रहेछ । भयमुक्त भएर त्यो सुन्न पाउने रहेछ । रेडियो किन्न र पाल्न नसक्नेहरूले पनि रेडियो पालकको घरमा गएर बिना कुनै त्रास खबर र गीत सुन्न पाउँदा रहेछन् ।"

रेडियो प्रविधिको ज्ञान नहुञ्जेलसम्म मलाई त्यो काठको बाकसभित्रबाट कोही मानिस बोलिरहेको छ कि जस्तो भान हुन्थ्यो । फेरि आफ्नो सहज बुद्धिले भने त्यसरी त्यसभित्र मानिस हुनसक्ने कुराको इन्कार गर्थ्यो । ध्वनि प्रविधिको तारतम्य बुझ्न नसक्दा मलाई त्यो कुनै अलौकिक शक्तिको देन हो जस्तो लाग्थ्यो । यो उनै ईश्वरको लीला हो र प्रभुको खेला हो भन्ने कुरामा मलाई रत्तिभर शङ्का रहेन र ईश्वरप्रतिको मेरो आस्था बढ्न थाल्यो । आकाशवाणीका कुरा पुराणहरूमा सुनिन्थ्यो तर महेन्द्रपुलका ती साहूजीले त प्रत्यक्ष देखाइदिए ।

त्यसो त मैले रेडियोभन्दा पहिले टेलिफोन (आकासवाणी सेट) देखेको थिएँ २००९ सालकै हाराहारीतिर, पोखरामै, रानीपौवामा । टेलिफोनमा पनि रेडियोमा झैँ टाढाटाढाबाट बोलेको स्पष्टै सुनिन्थ्यो तर त्यस बेला बोल्ने ठाउँबाट सुन्ने ठाउँसम्म तार लगिएको हुन्थ्यो । दूर डाँडाबाट सहरबजारमा पाइपद्वारा पानी ल्याउन सकिन्छ भन्ने पनि मलाई ज्ञान थियो तर बिना कुनै पाइप र बिना कुनै तार काठमाडौँको बोली पोखरा उतार्न सकिने कुरा बुझ्न सकिनँ । विश्वको एउटा भूभागमा बोलेको र गाएको कुरा दूरदराजको अर्को भूभागमा सुनिनु सातौँ आश्चर्य बाहेक अर्को एक थप आश्चर्य थियो मेरालागि । हजारौँ डाँडाकाँडा र घरका भित्ताहरूले छेकिएको मान्छेले कोठामै विश्वको अर्को भूभागमा देख्न

सक्नु नवौँ आश्चर्य हो तर त्यस बेला नवौँ आश्चर्य अर्थात् टेलिभिजनको उदय भइसकेको थिएन । आठौँ आश्चर्य नै मेरालागि पर्याप्त थियो– संसार जादूमयी छ भन्ने जान्नलाई । दूरदेशबाट बिना कुनै पाइप र बिना कुनै तार बोली र गीत आउन सक्छ भने कुनै दिन खाद्यपदार्थ र पेयपदार्थ बिना कुनै सवारी साधन एक ठाउँबाट अर्को ठाउँमा जान सक्छन् भन्ने कुरामा म विश्वस्त रहेँ । "बाँच्नु मात्र पर्छ, के के देख्न पाइन्छ के के ? हाम्रा पुर्खाहरू ग्रामोफोन, टेलिफोन र रेडियो नदेखी मरे । ती अभागी रहेछन् । हामी भने भाग्यमानी रहेछौँ ।" –त्यस बेला मैले यस्तै सोचाइ राख्थेँ ।

उच्चकोटिका गीत, गजल, भजन र प्रहसनजस्ता कलाका कुराहरू कुनै बेला कलाकारका गलामा मात्र सीमित हुन्थे र तिनलाई दरबारका आलिशान कोठाहरूमा मात्र सुन्न पाइन्थ्यो । विज्ञान र प्रविधिको विकासले गर्दा ती अब सर्वसाधारणको झुपडीभित्र पनि सुनिन थाले । महङ्गा कलाकारहरूलाई आफ्नो घरमा ल्याएर प्रत्यक्षरूपमा उनीहरूको स्वर सुन्न त अझै पनि शक्तिशाली र धनाढ्य हुनुपर्छ । तर उनीहरूका कर्णप्रिय आवाजबाट अब कोही पनि बञ्चित हुनु पर्दैन र एउटा गायकले हजारौँ करोडौँ कोठाभित्र एउटै समयमा प्रवेश गरेर गीत गाउन सक्छ र कत्ति पनि नथाकिकन हजारौँलाई आनन्दित पार्न सक्छ ।

रेडियोसँग मेरो पहिलो भेट हुँदा रेडियो यति सर्वसुलभ भने भइसकेको थिएन । त्यो भीमकाय भैँसीको लैनो पाडोजत्रो रेडियो त्यस बेला सर्वसुलभ हुनसक्ने स्थितिमा पनि थिएन । त्यसलाई दुईतीन जनाले उचालेर ठाउँ सार्नु पर्थ्यो र साँघुरा ढोकाबाट भित्र पसाल्न पनि सकिँदैनथ्यो । यो थियो करिब २०१० सालतिरको कुरा । बिस्तारै मझौला खालका रेडियो देखा पर्न थाले । तिनलाई पनि दोकानको तासीमा या बैठक कोठामा बसालेर मात्र बजाइन्थ्यो । पछिपछि हातमा झुण्ड्याएर हिँड्न मिल्ने र झोलामा राखेर काँधमा भिर्न मिल्ने खालका रेडियो आउन थाले । गाउँघरबाट आएका लाहुरेहरू रेडियो घन्काउँदै बजारमा हिँड्थे । पोखरास्थित मेरो गाउँ बैदाम पनि अहिलेजस्तो पर्यटकीय क्षेत्र बनिसकेको थिएन । यहाँ खेतीपाती गर्ने र गाईभैँसी पाल्ने किसानहरू प्रशस्तै थिए । तीमध्ये सूर्यनाथ पहारी अलि धनीखालका किसान हुनुहन्थ्यो र उहाँले फिलिप्स रेडियो पनि पाल्नु भएको थियो । यताउता जाँदा उहाँ त्यो रेडियो बजाउँदै हिँड्नु हुन्थ्यो र कतै टाढाबाट रेडियोको स्वर सुनिँदा उहाँ आउन लागेको सङ्केत मिल्थ्यो । त्यो शब्द सङ्केत सूर्यनाथ दाइको भत्करु थियो । त्यति बेला रेडियो ज्ञानको प्रतीक थियो, सम्पन्नताको द्योतक थियो । म पनि चाँडै धनी हुने र रेडियो पाल्ने प्रतीक्षामा थिएँ । हाइस्कूलमा छ कक्षामा पढ्दै थिएँ ।

पैसाको नाममा साथमा फुटेको कौडी पनि थिएन तर रेडियो सुन्न खुब मजा लाग्थ्यो ।

मेरो ठूलो बुवाको छोरा विष्णुदाइ पनि धनीमानी व्यक्तिमै गनिनु हुन्थ्यो । उहाँले पनि एउटा घोडा, हार्मोनियम र पुरानो पुरानो खालको हाते रेडियो पाल्नु भएको थियो । उहाँकै कृपाले मैले पनि सानै उमेरमा घोडा चढ्ने, हार्मोनियम छुने र रेडियो बजाउने सौभाग्य पाएँ । रेडियोप्रति मेरो तीव्र चाहना र आशक्तिलाई बुझेर उहाँले आफ्नो रेडियो मलाई बजाउन दिनु भयो । घर छेउमै हाम्रो धन्सार थियो र म धन्सारमा सुत्ने गर्थें तिनताका अर्थात् २०२५ सालतिर । रेडियो पाएको पहिलो रात म एक बजेसम्म सुतिनँ । मायावी रेडियोको मोहनीमा मुग्ध थिएँ र प्रत्येक व्याण्ड, प्रत्येक स्टेसन फेर्दै अनेकौं स्वादका ध्वनि परिकारहरू चाख्दैमा व्यस्त थिएँ म । स्टेसन फेर्दा आउने 'गडच्याङगुडुङ' को आवाजले मलाई झस्काउँथ्यो पनि । जति झस्काए पनि सुरक्षित अवतरण भने भइरहन्थ्यो । स्टेसन र व्याण्ड फेर्ने काम एउटा वेगवान् नदीमा गरिएको नौका विहारजस्तै लाग्यो मलाई । कहिले त्यसले सलल बगाउँथ्यो, कहिले चट्टानमा ठोकाउँथ्यो र कहिले जुरुक्क उचालेर भुमरीमा खसाल्थ्यो । यो बडो कौतूहलपूर्ण र साहसिक यात्रा थियो ।

रेडियो पाउँदा मलाई विरामीले औषधि पाएजस्तै, प्रेमीले प्रेमिका भेट्टाएजस्तै, निःसन्तान दम्पतीले सन्तानलाभ गरेजस्तै र बेरोजगार युवाले जापानको भिसा पाएजस्तै भयो । मैले त्यसलाई बडो जतनले माया र श्रद्धापूर्वक राखेँ । एउटा प्रिय शिशुलाई झैँ मैले लड्न र चोटपटक लाग्नबाट जोगाएँ । राती सुत्दा ओछ्यानमा सँगै सुताएँ । बिहान उठ्दा मेरो पहिलो दृष्टि त्यही रेडियोमा पऱ्यो । त्यो मेरालागि एउटा नवजात शिशु नै थियो र म एउटा भाग्यमानी पिता थिएँ । म त्यसका बालक्रिडा र लीलाबाट फुर्किन्थे, मख्ख पर्थे । सायद पहिलोपल्ट रेडियो पाउँदा त्यसताका सबैलाई यस्तै सुखद् अनुभूति हुँदोहो ! आनन्दको स्रोत बनेको बोल्ने त्यो बाकसको नाम बाबु बाकसानन्द नभए अरू के हुन सक्छ र ?